# मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** अनुचित लेनदेन सम्बन्धी कार्यलाई कसुर कायम गर्नको लागि मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **मुलुकी देवानी संहिता, २०७४ मा संशोधनः** मुलुकी देवानी संहिता, २०७४ को,-

(१) दफा ४७७ को खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-

"(ञ१) लिखत तयार गर्दाका बखत साहु र ऋणीको कम्तीमा एक-एकजना साक्षीको नाम, थर र ठेगाना,"

(२) दफा ४८८ को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर एक लाख रूपैयाँभन्दा बढीको लेनदेन कारोबार घरसारमा नगर्दै गरेको अवस्था भएमा त्यस्तो रकम भराइदिइने छैन।"

३. **मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा संशोधनः** मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३६ को,-

(१) उपदफा (२) मा रहेका "विनिमेय अधिकारपत्र मार्फत कारोबार हुने" भन्ने शब्दहरूको सट्टा "विनिमेय अधिकारपत्र मार्फत् वा बैङ्क तथा वित्तीय संस्थासँग कारोबार हुने" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) पछि देहायका उपदफा (३क), (३ख), (३ग), (३घ) र (३ङ) थपिएका छन्:-

"(३क) यो उपदफा प्रारम्भ हुँदाका बखत उपदफा (२) बमोजिम सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयबाट प्रमाणित नगराइएका लेनदेन कारोबारका लिखतहरू यो उपदफा प्रारम्भ भएको मितिले छ महिनाभित्र प्रमाणित गराउनु पर्नेछ।

(३ख) उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि लेनदेन कारोबारको कुनै पक्ष बिरामी परी वा शारीरिक वा मानसिक अशक्तताको कारणले आफै उपस्थित हुन नसक्ने भएमा त्यस्तो पक्षको हकमा निजको हकवाला वा संरक्षकले त्यस्तो लिखत प्रमाणित गराउन सक्नेछ।

(३ग) उपदफा (३क) र (३ख) बमोजिम लेनदेन कारोबारको लिखत प्रमाणित गर्नुअघि सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले त्यस्तो लिखत बमोजिमको कारोबारको सत्यता सम्बन्धमा आवश्यक जाँचबुझ गर्न सक्नेछ।

(३घ) उपदफा (३क) बमोजिम प्रमाणित गराउने प्रयोजनको लागि लेनदेनको कुनै एक पक्ष

उपस्थित नभए तापनि त्यस्तो लेनदेन कारोबारको यथार्थता बुझी सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले प्रमाणित गरिदिनु पर्नेछ।

(३ङ) उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि लेनदेन कारोबारको कुनै पक्ष नेपालबाहिर रहेको अवस्थामा निज फर्की आएको मितिले छ महिनाभित्र लेनदेन कारोबारको लिखत प्रमाणित गराउनु पर्नेछ।"

(३) उपदफा (४) मा रहेका "उपदफा (३) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपदफा (३) वा (३क) बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(५) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले यस दफा बमोजिम लिखत प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ।"

४. **मुलुकी अपराध संहिता, २०७४ मा संशोधनः** मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ पछि देहायको दफा २४९क. थपिएको छः-

"२४९क. **अनुचित लेनदेन गर्न नहुनेः** (१) कसैले अनुचित लेनदेन गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि घरसारमा कसैले देहायका काम गरेमा अनुचित लेनदेन गरेको वा गराएको मानिनेछः-

(क) लेनदेन नभएको वा नगरेको रकम दिएको भनी लिखत तयार गर्ने,

(ख) लेनदेन गरेको वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गर्ने,

(ग) लेनदेन गर्दाकै बखत ब्याज रकम समेत सावाँमा जोडी लिखत तयार गर्ने,

(घ) ब्याजलाई सावाँमा जोडी नयाँ लिखत तयार गर्ने,

(ङ) ऋणीले तिरे बुझाएको रकमको भरपाई नदिने वा लिखत नबनाउने,

(च) ऋणको सावाँभन्दा बढी ब्याज लिने,

(छ) ऋण असुलीको लागि कुनै प्रकारको शारीरिक वा मानसिक हानि हुने गरी धम्की दिने वा हिंसा वा शोषण गर्ने, वा

(ज) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिने।

(३) यो दफा प्रारम्भ हुनुअघि भएको लेनदेनको कारोबारको आधारमा कसैले उपदफा (२) बमोजिमको काम गर्न, गराउन वा अनुचित लेनदेनको रकम असुल उपर गर्न ऋणीलाई हैरानी पुऱ्याउनु हुँदैन।

(४) उपदफा (१) वा (३) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई कसुरको गम्भीरता हेरी सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

(५) अनुचित लेनदेनको कसुर गर्ने कसुरदारले त्यस्तो लेनदेनको आधारमा ऋणीबाट रकम वा अन्य कुनै चल सम्पत्ति लिएको रहेछ भने कारोबार भएको वास्तविक रकम र कानून बमोजिमको ब्याज निजलाई दिलाई बाँकी रकम वा अन्य चल सम्पत्ति सम्बन्धित ऋणीलाई कसुरदारबाट भराइदिनु पर्नेछ।

(६) अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण भएको ठहर भएमा त्यस्तो हक हस्तान्तरण बदर हुनेछ।"

**५. <u>मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधन</u>ः** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को,-

(१) दफा ३० पछि देहायको दफा ३०क. थपिएको छः-

"**३०क. <u>सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा कारबाही हुने</u>ः** अनुसन्धान अधिकारीले

अनुचित लेनदेन सम्बन्धी कसुरमा अनुसन्धान गर्दा साहुले अस्वाभाविक रूपमा ठूलो रकम घरसारमा ऋण दिएको देखिएमा प्रचलित कानून बमोजिम सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा अनुसन्धान गरी कारबाही चलाइनेछ।"

(२) दफा ११७ को उपदफा (२) मा रहेका "सर्वसाधारणको ठगी" भन्ने शब्दहरूको सट्टा "सर्वसाधारणको ठगी, अनुचित लेनदेन" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा १५५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रचलित कानून बमोजिम एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय हुने कुनै कसुरमा पहिलो पटक कसुरदार ठहरी कैदको सजाय भएको कसुरदारलाई अदालतले कैदमा राख्नुको सट्टा त्यस्तो कैद बापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहऱ्याएमा त्यस्तो रकम लिई कैदमा बस्नु नपर्ने गरी आदेश दिन सक्नेछ।"

(४) अनुसूची-१ को प्रकरण (१) को खण्ड (क) को उपखण्ड (२०) मा रहेका "दफा २४९," भन्ने शब्दहरूपछि "दफा २४९क.," भन्ने शब्दहरू थपिएका छन्।

६. **मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० निष्क्रिय भएपछि त्यसको परिणामः** मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने

अध्यादेश, २०८० निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,-

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन, र

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ।

असार १५, २०८० मा बसेको राष्ट्रिय सभाको बैठकले संशोधनविना पारित गरेको र असार ३१, २०८० मा बसेको प्रतिनिधि सभाको बैठकले यस विधेयकलाई सभाले स्वीकार गरेको संशोधन सहित पारित गरेकोमा राष्ट्रिय सभाको श्रावण ११, २०८० मा बसेको बैठकले उक्त संशोधन स्वीकार गरी

पुनः पारित गरेको व्यहोरा नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

..............................

(गणेश प्रसाद तिमिल्सिना)

अध्यक्ष

मितिः २०८०।०४।१२ राष्ट्रिय सभा

राष्ट्रिय सभाका अध्यक्षबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

.........................

(रामचन्द्र पौडेल)

मितिः २०८०।....।... राष्ट्रपति